




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २२ ❑ अङ्क ३१४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर १९ गते आइतबार ❑ 5 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## अहिले पनि गठबन्धन भत्काउने खतरा बढ्यो: अध्यक्ष प्रचण्ड

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ मंसिर**

नेपाल कम्युनिष्ट पार्टी माओबादी केन्द्रका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अहिले पनि गठबन्धनलाई भत्काउने खतरा बढेको बताउनु भएको छ ।

प्रेस सेन्टर नेपालको चितवनमा शनिबार देखि सुरु भएको चौथो महाधिवेशनको उद्घाटन गर्दै अध्यक्ष प्रचण्डले देशमा अझै पनि प्रतिगमन बिरुद्ध एक भएको गठबन्धनलाई भत्काउने खतरा बढेको बताउनु भएको हो ।

अहिले पनि देशमा हुने खतरा टरि नसकेको फेरी पनि प्रतिगमन बिरुद्ध शसक्त ढंगले एक हुनु पर्ने अबस्था रहेको उहाँको भनाई थियो । नेपाली जनताको त्याग र बलिदानबाट प्राप्त संघिय लोकतान्त्रिक गणतन्त्रलाई कमजोर पार्न चहाने शक्ति प्रतिकृयाबाद्धी बिरुद्ध आक्रामक भाषा शैलिमा लेख्न संचारकर्मीहरुलाई प्रचण्डले आग्रह गर्नु भयो । गठबन्दन मात्र होइन हाम्रो लोकतान्त्रि गणतन्त्र संघियता धर्मनिरेपक्षलाई समेत सिध्याउने भित्रभित्रै खेल भएको उहाँको दाबी थियो । केही दलहरु अझै पनि कुन कोणबाट गठबन्द सिध्याउन सकिन्छ भन्ने रणनितीमा लागेको प्रचण्डले बताउनु भयो ।

संविधानबाट प्राप्त उपलब्धिहरु माथि हमला हुन सुरु भएकोले त्यसलाई बचाउनको लागि जनयुद्ध र जनआन्दोलनको जस्तै सडेन्त्र बिरुद्ध संचारकर्मीहरु शसत्त ढंगले लाग्नु पर्ने प्रचण्डको भनाई थियो । प्रतिकृयाबादी र प्रतिगम बिरुद्ध पत्रकार एक हुन अध्यक्ष प्रचण्डले आग्रह गर्दै संचारकर्मी र संचार सयन्त्रहरु प्रतिगम बिरुद्ध तिखो पार्न उहाँको सुझाव थियो । कम्युनिष्ट एकता हुदा तत्कालिन केपी भन्दा हाल आफु बढी शक्तिशाली भएको उहाँले दाबी गर्नु भयो । आफ्नो गृह जिल्ला चितवनमा एमालेको सम्पन्न भएको अधिवेशनलाई अध्यक्ष प्रचण्डले कुम्भ मेलाको संघ्रया दिदै उक्त अधिवेसन असफल भएको दाबी गर्नु भयो । एमालेको अधिवेशन पन्च भेला शैलिमा सम्पन्न भएको र कुम्भ मेला जस्ता भएको प्रचण्डाको आरोप छ ।

एमसीसी पास गर्ने र प्रधानन्याधिशलाई महाअभियोग लगाउने बिषयमा राष्ट्रिय सहमतिबाटै दलहरु बिच छलफल गरेर अघि बढ्ने प्रचण्डाको भनाई छ । सच्चा कम्युनिष्ट र लोकतन्त्रबादी एक हुनु पर्ने अबस्था आएको उहाँको भनाई थियो । प्रतिगमनलाई परास्त पारे पनि प्रतिगम बिरुद्ध एक भएका गठबन्दनलाई अहिले पनि भत्काउने प्रयास भएको अध्यक्ष प्रचण्डले बताउनु भयो । संघिय लोकतान्तिक गणतन्त्रको रक्षा (समावेसी समानुपातिक प्रणालीको रक्षा), राष्ट्रियताको रक्षाको निम्ति गठबन्दन आवश्यक भएको उहाँको जोड थियो । नेपाल पत्रकार महासंघका केन्द्रिय अध्यक्ष बिपुल पोखरेलले श्रमजिवी पत्रकारको हकहित र नागरिकलाई अधिकार सम्पन्न गराउन अधिवेसनले नयाँ कार्यसमिति चयन गर्नुपर्ने उहाँको भनाई थियो । पत्रकारको श्रमको मुद्धा चुनौतीको रुपमा देखा परेको बताउदै व्यवसायीक पत्रकारिता आवश्यक भएको बताउनु भयो । स्वतन्त्रताका मुद्धालाई शसक्त रुपमा उठाउनु पर्ने पोखरेलले बताए । स्वतन्त्रताको पक्षमा पत्रकारले ओकालत गर्न उनले आग्रह गरे । प्रेस स्वतन्त्रता बिना लोकतन्त्र स्थापना गर्न नसकिने प्रचण्डको भनाई थियो ।

प्रेस स्वतन्त्र श्रमजीवी पत्रकारको हित र सञ्चार

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मन्त्री र सांसद जनतासँग आमनेसामने

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ मंसिर**

आउटलाइन मिडिया काठमाडौंले सार्वजनिक सरोकारका विषयमा छलफल गर्न शनिबार गण्डकी प्रदेशका अर्थमन्त्री रामजी बराल जीवन, प्रदेश सांसदहरु इन्द्रलाल सापकोटा र पियारी थापालाई पुरन्चौर चुरुंगामा जनतासँग आमनेसामने उभ्याएको थियो ।



स्थानीयले लामाचौर–माछापुच्छ्रे ग्रामीण सडक पहिरोले भत्काएर बिजोग बनाएको समस्या जोडतोडका साथ उठाए । 'कुन बेला कुन गाडी खसेर कहाँ पुग्ने हो भनेजस्तो छ,' लालीगुराँस आमा समूहकी अध्यक्ष तारा पौडेलले भनिन् । उक्त सडक गएको बर्खामा पहिरोले भत्काएको थियो । मर्मतका लागि स्टिमेट गर्दा १ करोड रुपैयाँ लाग्ने देखिएको तर बजेट ५० लाख रुपैयाँभन्दा नभएको पोखरा १९ का वडाध्यक्ष शोभामोहन पौडेलले सुनाए । अर्थमन्त्री बरालले सडक मर्मतका लागि बजेट अभाव हुन नदिने बचन दिए ।

'अहिले ५० लाख रुपैयाँ छ भने त्यसैबाट काम सुरु गर्नोस्, १ करोड हैन डेढ करोड रुपैयाँ चाहिन्छ भने पनि हालिन्छ, छिटो छरितो सम्पन्न गर्न मेरो पहल रहन्छ,' मन्त्री बरालले भने । गणेशप्रसाद बास्तोलाले माछापुच्छ्रे ग्रामीण सडक उत्तरी भेगका लागि थेग्ने सडक भएको हुँदा त्यो बाटो बनाए अरु विकास विस्तारै हुने विचार राखे । प्रदेश सांसद इन्द्रलाल सापकोटाले गण्डकी सरकारले एक निर्वाचन क्षेत्र एक सडक, पालिकालाई प्रदेश राजधानीसँग जोड्ने रणनीतिक सडकहरु बनाएको सुनाए । 'जिल्ला सदरमुकाम छाडेर पिचबाटो देख्नै नपाइने अवस्थामा अब त्यो अवस्था रहेन, कतै पिच भइसकेको छ, कतै हुँदैछ,' सापकोटाले भने ।

प्रदेश सांसद पियारी थापाले महिला सशक्तीकरणका लागि 'प्राइभेट फर्म दर्तासम्बन्धी' ऐनमा महिलालाई फर्म दर्ता र नवीकरणमा छुट हुने व्यवस्था गरेको जानकारी दिइन् । बाल अधिकारसम्बन्धी कानुन पनि बन्ने चरणमा रहेको जानकारी उनले दिइन् । संघीयता नेपालको अर्थतन्त्रले नधान्ने विचार पनि उनले व्यक्त गरिन् ।

विन्ध्येश्वरी माविका प्रअ श्रीराम आचार्यले दरबन्दी अपुग रहेको बताए । 'महिला शिक्षक सुत्केरी विदामा बस्दा वैकल्पिक शिक्षक राख्ने क्षमता पनि विद्यालयसँग हुँदैन,' उनले भने, 'यो समस्या हाम्रोमात्रै होइन, देशैभरि छ ।' छात्र सागर बास्तोलाले पुस्तकालयको अभाव रहेको सांसदहरुलाई सुनाए । नारायण अधिकारीले बाउसाले खनेका बाटो भत्किएर गाडी चल्न छाडेको सुनाए । युवा वसन्तराज बास्तोलाले युवालाई उद्यमी बनाउन गण्डकी सरकारले के कस्तो नीति ल्याएको छ भन्ने जिज्ञासा राखे । सरस्वती बास्तोलाले स्वास्थ्य चौकी जाँदा सिटामोल पनि नहुँदा आफूहरुलाई महानगरको बासिन्दा होइनौं कि भन्ने लागेको अनुभूति साटिन् । मित्रलाल बास्तोला, विष्णु बास्तोला, जगन्नाथ बास्तोला, हर्कराज आचार्य, भगवान बास्तोला, गोमा बास्तोला, शालिग्राम बास्तोला, विजय गौतम, केशवराज बास्तोला लगायतले गाउँघरका समस्या सांसदहरुलाई सुनाएका थिए ।

आउटलाइन मिडियाका सरोज दाहालले पत्रकारले जनताका प्रश्न र समस्याबारे रिर्पोटिङ गर्न सकिने हुँदा हुँदै जनतासँग सामन्ने राखेर सांसदसँग छलफल गर्दा अझ प्रभावकारी हुने भएकाले कार्यक्रम आयोजना गरेको जानकारी गराए । उक्त मिडियाले उत्पादन गर्ने जनतासँग सांसद कार्यक्रम देशभरका ७७ एफएम रेडियोबाट शुक्रबार बिहान साढे ७ बजे प्रसारण हुने जानकारी कार्यक्रम प्रस्तोता बोमलाल गिरीले बताए ।

## कांग्रेस गण्डकीको चुनावमा एक हजार १४६ मत खस्यो

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ मंसिर**

नेपाली कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत गण्डकी प्रदेश कार्यसमितिका लागि शनिबार भएको निर्वाचनमा एक हजार १४६ मत खसेको छ ।

प्रदेश अधिवेशनका लागि कूल एक हजार १६५ मतदाता रहेकामा एक हजार १४६ मत खसेको र १९ जना अनुपस्थित भएको निर्वाचन समितिका सदस्य विष्णुकुशल भुजेलले जानकारी दिनुभयो । निर्वाचनमा सभापतिमा शुक्रराज शर्मा र अर्जुनप्रसाद जोशीबीच प्रतिस्पर्धा छ ।

त्यस्तै कार्यसमितिको उपसभापति दुई पदका लागि मेखलाल श्रेष्ठ, नेत्रबहादुर महत, हरिप्रसाद श्रेष्ठ र कल्पना तिवारीले प्रतिस्पर्धा गर्नुभएको छ । महामन्त्री दुई पदका लागि कुमार खड्का, ईश्वर पाण्डे, किरणबाबु श्रेष्ठ र विष्णुप्रसाद लामिछाने, सहमहामन्त्री एक जना महिलामा ओमकला गौतम र कोपिला रानाभाट चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।

निर्वाचनको मतगणना पोखरास्थित उद्योग वाणिज्य संघको हलमा सुरु भएको र आइतबार बिहानसम्म सबै पदको नतिजा आउने भुजेलले जानकारी दिनुभयो ।

## कवि रामनाथ अधिकारी 'सङ्गी'लाई अभिनन्दन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ मंसिर**

कवि रामनाथ अधिकारी 'सङ्गी'लाई पोखरामा अभिनन्दन गरिएको छ ।

रामनाथ अधिकारी 'सङ्गी' नागरिक अभिनन्दन मूल समारोह समितिद्वारा आयोजित कार्यक्रममा उहाँको अभिनन्दनसँगै अभिनन्दन ग्रन्थ पनि लोकार्पण गरिएको थियो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## 'श्रमका क्षेत्रमा भएका अनियमितताको सुधारको काम सुरु भइसकेको छ'

**पोखरापत्र संवाददाता**
**दमौली, १८ मंसिर**

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले तनहुँमा विकास निर्माणको कामले छलाङ मारेको जिकिर गर्नुभएको छ ।

नेकपा (एकीकृत समाजवादी) भानु नगर कमिटीले आज आयोजना गरेको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उहाँले आफू प्रतिनिधिसभामा निर्वाचित भएपछि तीन वर्षको अवधिमा धेरै काम भएको उल्लेख गर्नुभयो । 'साढे तीन वर्षको अवधिमा विकास निर्माणको कामले छलाङ मारेको छ, तर त्यसबाट म सन्तुष्ट छैन', मन्त्री श्रेष्ठले भन्नुभयो, 'जति गर्नुपर्ने हो त्यति गर्न सकिएन, अझै पनि विकास निर्माणलाई तीव्रता दिन्छौं ।' मन्त्री श्रेष्ठले आगामी निर्वाचनमा तनहुँमा नेकपा (एकीकृत समाजवादी)ले जित्ने दाबी गर्नुभयो । 'तनहुँमा हाम्रो पार्टीको प्रभाव शून्य छ भनेर हल्ला फैलाइएको छ, आगामी निर्वाचनबाट थाहा हुन्छ, कसको पार्टीको हैसियत के छ भनेर', उहाँले भन्नुभयो । उहाँले मादी-मर्स्याङ्दी, डुम्रे-चाम्बास सडकको बोलपत्र भइसकेको र काम सुरु भएको बताउनुभयो । मन्त्री श्रेष्ठले करिब दुईतिहाइको मत प्राप्त गरे पनि नेकपा (एमाले) नेतृत्व सरकारले त्यसको सदुपयोग गर्न नसकेको आरोप लगाउनुभयो । उहाँले पार्टी फुटाउने रहर नभई बाध्यता भएको उल्लेख गर्दै अब पार्टीको सङ्गठन विस्तारमा जोड दिइने चर्चा गर्नुभयो ।

मन्त्री श्रेष्ठले श्रम तथा रोजगार क्षेत्रमा भएका अनियमितताको सुधारको काम सुरु भइसकेको बताउनुभयो । उहाँले विदेश जाने अधिकांश युवा अदक्ष हुने गरेकाले उनीहरुलाई दक्ष बनाउन तालिम केन्द्र स्थापना गर्ने लक्ष्य लिइएको जानकारी गराउनुभयो । सीप र क्षमताका आधारमा सबै युवालाई रोजगारी दिइने मन्त्री श्रेष्ठको भनाइ थियो ।

## पृथ्वीराजमार्गका दायाँबायाँ संरचना निर्माण गर्न रोक

**पोखरापत्र संवाददाता**
**दमौली, १८ मंसिर**

मुग्लिङ-पोखरा सडक योजना (पूर्वी खण्ड)ले पृथ्वीराजमार्गअन्तर्गत तनहुँ खण्डको दायाँबायाँ विभिन्न क्रियाकलाप र गतिविधि गर्न रोक लगाएको छ ।

मुग्लिङ-पोखरा राजमार्ग सुधार चरण एक योजनाअन्तर्गत आँबुखैरेनी जामुनेसम्मको सडक खण्डलाई चारदेखि ६ लेनसम्म विस्तार गर्न लागिएकाले उक्त खण्डमा विभिन्न क्रियाकलाप गर्न रोक लगाइएको हो । राजमार्गको क्षेत्राधिकारभित्र केन्द्रदेखि २५/२५ मिटर दायाँबायाँ पर्ने गरी खेतीबाली, खाडल खन्ने वा कुलोकुलेसा निर्माण, खानेपानी, धारा निर्माण गर्ने, सडकसँग जोडिने गरी प्रवेशमार्ग निर्माण गर्ने, किला तगारो गाड्ने, घरटहरा निर्माण गर्ने तथा कुनै किसिमका व्यापार व्यवसाय सञ्चालन गर्ने कार्यमा रोक लगाइएको योजनाले जनाएको छ । सूचनाको बेवास्ता गरी राजमार्ग क्षेत्रभित्र कसैले त्यस्ता क्रियाकलाप गरी क्षति भएमा योजना जिम्मेवार नहुने र कुनै पनि किसिमको क्षतिपूर्ति वा सहयोग उपलब्ध गराउन नसकिने योजना प्रमुख नरेन्द्र सुवेदीले बताउनुभयो ।

योजनाले सडक विस्तारका लागि आँबुखैरेनीदेखि सडक आसपास खन्न सुरु गरिसकेको छ । राजमार्ग छेउछाउका रूख कटानको काम पनि सुरु भएको छ । सडक विस्तारका क्रममा तनहुँ खण्डमा ६ हजार सात सय ५० रूख हटाउनुपर्ने हुन्छ । योजनाले रूख काटेर वन कार्यालयलाई बुझाउनुपर्ने हुन्छ । कास्की खण्डमा भने एक हजार दुई सय पचास रूख कटानका लागि विभागबाट स्वीकृति लिने प्रक्रियामा छ । अस्सी किलोमिटरमध्ये म्याग्दे गाउँपालिका-१ गुणादी क्षेत्रको आठ किलोमिटर दूरीमा सडक आसपासको बिजुलीको पोल सार्ने काम पनि सकिएको छ । विसं २०२६ मा रेखाङ्कन भएको उक्त सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । अस्सी किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरेर ठेक्का लगाइएको छ । आँबुखैरेनी-जामुने पूर्वी खण्डको ४१.४५ किलोमिटर सडक स्तरोन्नतिको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ । जामुने-पोखरा पश्चिम खण्डको ३९ किलोमिटरको ठेक्का चिनियाँ कम्पनी यनहुई काइयुआन हाइवे एन्ड ब्रिज कम्पनीले पाएको छ । मुग्लिन-पोखरा सडक योजना (आँबुखैरेनी-जामुने) पूर्वी खण्ड रु ६ अर्ब २१ करोड ३१ लाखमा ठेक्का लागेको छ ।

चार लेनको बन्द सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाइन अनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ । दुलेगौडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ ।




# पोखरा १५ तल्लो जनशक्ति टोलले गणेश पुराण महायज्ञ गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ मंसिर**

पोखरा महानगरपालिका १५ तल्लो जनशक्ति टोल नयाँ गाउँले गणेश महापुराण तथा धन- धान्याञ्चल ज्ञान महायज्ञ २०७८ गर्ने भएको छ।

आगामी मंसिर २६ गतेदेखि पुस ४ गतेसम्म जनशक्ति टोलमा महायज्ञ गर्न लागिएको हो। दिग्दर्शक वाचक शिरोमणि पण्डित दीपक सापकोटा मुखार विन्दुबाट हुने गणेश गणेश महापुराण तथा धन-धान्याञ्चल ज्ञान महायज्ञको तयारी ६० प्रतिशत बढि सकिएको छ। शनिबार पत्रकारसम्मेलन मार्फत महायज्ञको बारेमा जानकारी दिदैँ महायज्ञ आयोजना कार्यक्रमका महासचिव हरी कार्कीले क्लबले विभिन्न ८ उदेश्य सहित महायज्ञ गर्न लागेको जानकारी दिए। लामो समय कोरोना महामारीले मानसिकतामा असर परिरहेका कारण उक्त असर निवारण गर्नका लागि समेत धार्मिक कार्य गर्न लागेको बताए। उनले विशेष गरी बहुउदेश्यीय भवन निर्माण गर्ने लक्ष्य रहेको बताए। कार्कीले महायज्ञमा आउने सहयोगले जेष्ठ नागरिक केन्द्र व्यवस्थापन, नगर स्तरीय केन्द्र व्यवस्थापन, नगर स्तरीय पुस्तकालय निर्माण, शिक्षा, रोजगार, कृषि लगायत



प्रशिक्षण कक्ष निमार्ण, पुराना सामाग्री प्रदर्सन कक्ष, नगर स्तरीय सहकारी कक्ष, असाहय अशक्त आदिलाई खाद्यान्न स्वास्थ्य तथा शिक्षामा सहयोग कोर्ष निमार्ण गर्न तथा आधुनिक टोल निमार्ण गर्नका लागि महायज्ञको आयोजना गर्न लागिएको जानकारी दिए। यस्तै तल्लो जनशक्तिटोल विकास संस्थाका अध्यक्ष मनहरी सुवेदीले समाजमा केहि गर्न सकिन्छ की भन्ने हेतुले महायज्ञको आयोजना गर्न लागेको बताए। उनले हिन्दुहरुको परम्परा तथा धार्म संस्कृतिलाई समेत अहिलेका पुस्ताहरुलाई जानकारी र सकरात्मक सोच दिनका लागि महायज्ञ पवित्र कार्य हुने बताए। मानिसहरुलाई अनुशासनमा राख्ने काम धर्मलेमात्रै गर्न सक्ने उनको भनाइ थियो। यस्तै तल्लो जनशक्ति टोल आमा समूहकी अध्यक्ष एलिना पराजुलीले महायज्ञको पूवसन्ध्यामा प्रचार प्रसार गर्न निशुल्क स्वास्थ्य सिविरको आयोजना गरेको बताइन्। उनले वडामा मात्रै नभई महानगर भित्रका सबै आमा समूह तथा क्लबहरुसंग सहकार्य गर्ने बताइन्। शिविरमा ३२ जनाले सेवा लिएको आमा समूहकी कोषाध्यक्ष कमला शाहीले जानकारी दिइन्। आमा समूहले देउसी भैलो देखि टोलमा हुने विभिन्न विवाह तथा शुभ कार्यबाट संकलन गरेको रकम समेत महायज्ञ जस्तो पुण्य काममा खर्चिन पाउँदा खुसी लागेका बताइन्।

मंसिर २६ गते विहान यज्ञस्थलबाट शोभा यात्रा सहित कार्यक्रम उद्घाटन हुनेछ। २७ गते देखि पुस ४ गतेसम्म सप्ताहव्यापी दैनिक कार्यक्रम हुनेछन्।

# नेपाल हवाइ खेलकूद संस्थाको स्थापना दिवसमा रक्तदान र वृद्धवृद्धालाई ज्याकेट वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ मंसिर**

प्याराग्लाइडिङ तथा अल्ट्रालाइटहरुको व्यवसायिक संस्था नेपाल हवाइ खेलकूद संस्था (ना) ले आफ्नो २० औ स्थापना दिवसको अवसर पारेर शनिबार ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण गरेको छ।

संस्थाका पदाधिकारी र सदस्य सहितको एक टोलिले पोखरा १७ महतगौडा स्थित पोखरा वृद्धाआश्रममा पुगेर न्यानो कपडा वितरण गरेको संस्थाका अध्यक्ष कृष्ण भण्डारीले जानकारी दिनुभयो।

"जाडो बढेको छ, विभिन्न परिस्थितीका कारण वृद्धाआश्रम



बस्नु भएका बुबाआमको लागि न्यानोमायाको रुपमा न्यानो कपडाहरु वितरण गरेका हौ।" उहाँले संस्थाले हरेक वर्ष सामाजिक उत्तरदायित्व अर्न्तगत सामाजिक कार्य गर्दै आइरहेको जनाउँदै यस वर्ष आश्रममा रहेका ५० जना बुबाआमालाई ज्याकेट वितरण गरेको बताउनुभयो। वृद्धाआश्रमका सहकोषाध्यक्ष श्रीनाथ आचार्य जाडोमा ज्येष्ठ नागरिककलाई सम्झेर न्यानो ज्याकेट वितरण गरेकोमा संस्थालाई धन्यवाद दिनुभयो।

संस्थाले स्थापना दिवसकै अवसरमा शनिबार विहान आयोजना गरेको रक्तदान कार्यक्रममा प्याराग्लाइडिङ कम्पनिका सदस्य र टेकअफ ल्याण्डिङमा कार्यरत श्रमिकको सहभागितामा ६५ युनिट रगत संकलन भएको संस्थाका महासचिव वलराम आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार टेकअफ तथा ल्याण्डिङको फोहोर व्यवस्थापनका लागि ४ थान आधुनिक गार्वेज र सो क्षेत्रमा कार्यरत ४० जना मजदुरहरुलाई समेत ज्याकेट वितरण गरिएको थियो।

सो को व्यवस्थापन 'ना' पोखरा र कर्मा फ्लाइट नेपालको संयुक्त आयोजनामा सम्पन्न भएको थियो।

# कवि...

पूर्वकुलपति सरुभक्त, गण्डकी प्रज्ञा प्रज्ञा प्रतिष्ठानका उपकुलपति सूर्य खड्का विखर्ची, पोखरा प्रज्ञा प्रतिष्ठानका उपकुलपति पद्मराज ढकाल, समारोह समितिका अध्यक्ष प्रा डा बलराम उपाध्याय रेग्मीले संयुक्तरूपमा कवि सङ्गीको अभिनन्दन एवं अभिनन्दन ग्रन्थको लोकार्पण गर्नुभएको हो। उक्त अवसरमा श्रीपति कोइराला गुठी, गीजञ्जली साहित्य परिवार, माधव वियोगी वाङ्मय प्रतिष्ठान, विश्व हिन्दू महासङ्घ, राष्ट्रिय धर्मसभा नेपाललगायतले संस्थागतरूपमा कवि सङ्गीलाई अभिनन्दन गरेका थिए। कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तले अधिकारी सच्चा जनकवि भएको बताउनुभयो। अभिनन्दन ग्रन्थको समीक्षा गर्दै समालोचक डा जगन्नाथ रेग्मीले सङ्गीलाई अन्तरदृष्टि भएको व्यक्तित्वका रूपमा चर्चा गर्नुभयो। कार्यक्रममा गीताञ्जली साहित्य परिवारका वरिष्ठ उपाध्यक्ष भानुभक्त भण्डारी क्षितिज, केशवराज भण्डारी, छन्दमणि त्रिपाठी, सचिव असफल गौतमलगायतले कवि सङ्गीको साहित्यिक योगदानको चर्चा गर्नुभयो।

कास्कीको गोर्जेमा विसं २००५ माघमा जन्मिनुभएका कवि सङ्गीले महाकाव्य, खण्डकाव्य, शोककाव्य, कविता सङ्ग्रह, उपन्यासलगायत गरी करिब तीन दर्जन कृति रचना गर्नुभएको छ। शैक्षिक, सामाजिक, साहित्यिक र राजनीतिक क्षेत्रमा महत्वपूर्ण योगदान गर्नुभएका कवि सङ्गी चार दर्जन बढी सङ्घसंस्थाबाट सम्मानित भइसक्नुभएको छ।

# सामुदायिक प्रहरी सेवा माटेपानीमा सचेतनामुलक प्रशिक्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ मंसिर**

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा माटेपानी -१२ को आयोजनामा लैङ्गिक हिंसा बिरुद्द र आत्म हत्या न्युनिकरण सम्बन्धी सचेतनामुलक प्रशिक्षण कार्यक्रम शनिवार सम्पन्न भयो।

पोखरा महानगरपालिका वडा नं १२ का वडा अध्यक्ष रामवहादुर कार्कीले कार्यक्रमको उद्घाटन गर्दै लैङ्गिक हिंसा आफुले पनि नगरौ अरुलाई पनि गर्न बाट रोकौ भनि अनुरोध गरे। वडा प्रहरी कार्यालय रामबजारका प्रहरी नायब निरिक्षक बाबुराम पाण्डेले प्रशिक्षण दिएका थिए। सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा माटेपानी



-१२ अध्यक्ष बल बहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा हस्पिटलचोक आमा समुह पोखरा -१२ का अध्यक्ष डिलामाया राई, जागृति आमा समुह पोखरा -१२ का अध्यक्ष प्रभा आचार्य, भृकुटी आमा समुहका अध्यक्ष धना गुरुङ, सितलादेवी आमा समुहका कोषाध्यक्ष राम माया कार्की र ढिकालेथर आमा समुहका उपाध्यक्ष शोभा आचार्य लगायतले वोलेका थिए।

कार्यक्रममा सामुदायिक सेवा केन्द्रका पदाधिकारी प्रहरी कर्मचार ी,समाज सेवीहरु समेत उपस्थिति रहेको कार्यक्रममा ५० जनाको उपस्थिति रहको थियो। कार्यक्रममा कोषाध्यक्ष धर्मराज आचार्य स्वागत र सचिब इन्दिरा पन्तले संचालन गरेकि थिइन।

# अपाङ्गतता भएकालाई सहयोग सामग्री

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ मंसिर**

अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा कास्कीको रुपा गाउँपालिकामा छात्रवृत्ति र सामग्री वितरण गरिएको छ। सगोल कास्कीले दिवसकै अवसर पारेर अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ।

अपाङ्गता भएका १६ छात्रा र १४ छात्र गरी ३० जनाका लागि झोला, कापी, कलम, विद्यालय पोशाक र मास्क सहयोग प्रदान गरिएको सगोल कास्कीका अधिकृत विमला केसीले जानकारी दिनुभयो। छात्रवृत्ति प्राप्त गरेका सबै विद्यार्थीलाई गाउँपालिकाको तर्फबाट पोशाक सिलाइका लागि प्रतिविद्यार्थी रु ५०० का दरले कूल रु १५ हजार प्रदान गरिएको थियो। त्यस्तै गाउँपालिकाभित्र अपाङ्गता भएका १५ नागरिकका लागि आवश्यकताअनुसारका सामग्री प्रदान गरिएको छ। अपाङ्गताको प्रकृतिअनुसार ट्वाइलेट चियर, सेतोछडी, लठ्ठी र वैसाखी प्रदान गरिएको उहाँले बताउनुभयो। अपाङ्गतता भएका विद्यार्थी र व्यक्तिलाई सहयोगी सामग्री वितरण गर्दै गाउँपालिका अध्यक्ष नवराज ओझाले अपाङ्गता भएका व्यक्तिलाई आर्थिकरुपमा सवल र आत्मनिर्भर बनाउन गाउँपालिकाले गरिरहेको प्रयासमा विभिन्न सङ्घ संस्थाको पनि सहयोग रहँदै आएको बताउनुभयो। गाउँपालिकामै चिकित्सक खटाएर स्वास्थ्य परीक्षण गरी घरदैलोमै अपाङ्गतता परिचयपत्र वितरण गरिएको बताउँदै उहाँले आगामी दिनमा पनि समाजका अपाङ्गता, असक्त, विपन्न वर्गको हितका लागि योजनाबद्ध रुपमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "बालबालिका विद्यालय पुगेपछि अपाङ्गतामैत्री वातावरण र संरचना अभाव देखिएका छन्, त्यस्ता संरचना निर्माणमा हामीले ध्यान दिइरहेका छौँ।" गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिको आयआर्जनका लागि बाख्रापालन, मौरीपालन, कुखुरापालनलगायत बेलाबेलामा विभिन्न सीपमूलक तालिमसमेत आयोजना गर्दै आएको उहाँको भनाइ छ।

गाउँपालिकाका उपप्रमुख लालसुवा गुरुङले अपाङ्गता भएका व्यक्तिको लागि छुट्टै सहकारी स्थापना गरी आर्थिक उन्नति र विकासमा ध्यान दिइएको बताउँदै आर्थिक अवस्था सुधार भएमात्र अपाङ्गता भएका व्यक्ति सक्षम हुनसक्ने विश्वास व्यक्त गर्नुभयो। रुपामा अपाङ्गताको क्षेत्रमा सगोल र परिलक्षित तथा बालबालिकाको क्षेत्रमा गोनेसाले गाउँपालिकासँग साझेदारी गरेर कार्यक्रम गरिरहेको बताउँदै उपाध्यक्ष गुरुङले गाउँपालिकामा गठित समूह र सञ्जाल एवं सहयोगी संस्थाका कारण अपाङ्गताको क्षेत्रमा काम गर्न सहज भएको बताउनुभयो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुङ्गानाले सार्वजनिकस्थलको भौतिक पूर्वाधार निर्माणका क्रममा अपाङ्गमैत्री संरचना निर्माणमा गाउँपालिकाले जोड दिँदै आएको धारणा राख्नुभयो।

रुपा अपाङ्गता संरक्षण समितिका अध्यक्ष सन्तबहादुर भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा रुपा गाउँपालिका-५ का वडाध्यक्ष टेकबहादुर गुरुङ, गोनेसाका प्रज्वल पङ्गेनी, रुपा गाउँपालिका सामाजिक विकास शाखाका सीता सापकोटा सुवेदी, शिक्षा शाखा प्रमुख सन्दीप पौडेललगायतले अपाङ्गतता भएका व्यक्ति जीविकोपार्जनका लागि आवश्यक अवसर प्रदान गर्नुपर्नेमा जोड दिनुभयो।

# इशानेश्वर करापुटार पोखरा सम्पर्क समाजको अध्यक्षमा बलराम घिमिरे सर्वसम्मत

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ मंसिर**

इशानेश्वर करापुटार पोखरा सम्पर्क समाजको सातौं साधारणसभातथातेश्रोअधिवेशन सम्पन्न भएको छ। अधिवेशनले बलराम घिमिरेको अध्यक्षतामा ३ सदस्यीय पछि थप्नेगरि १२ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ।

कार्यसमितिको प्रथम उपाध्यक्षमा प्रकाश चन्द्र घिमिरे, द्धितिय उपाध्यक्षमा पार्वती पोखरेल चयन हुनुभएको छ। यस्तै नयाँ समितिको सचिवमा निर्मल सोती सहसचिवमा प्रल्हाद चन्द्र घिमिरे, कोषाध्यक्षमा नवराज घिमिरे, सहकोषाध्यक्षमा कविता घिमिरे चयन हुनुभएको छ। समितिको सदस्यहरुमा काशिनाथ घिमिरे, विमला सोती, पदमचन्द्र सापकोटा, किरण बाबु घिमिरे र प्रदिप घिमिरे रहनुभएको छ। यस्तै नवनिर्वाचित कार्यसमितिको पहिलो बैठकले निवर्तमान अध्यक्ष छविलाल सुवेदीको संयोजकत्वमा सल्लाहाकार समिति चयन गरेको छ।

उक्त समितिमा संस्थापक अध्यक्ष ऋषिकेशव सुवेदी, त्रिलोचनघिमिरे, विन्दुराजघिमिरे, गजराज घिमिरे, मेदिनी घिमिरे र अप्सरा घिमिरे रहनुभएको छ। यसअघि सातौं साधारणसभाको समाजका जेष्ठ सदस्य श्रीमाया घिमिरेले उद्घाटन गर्नुभएको थियो भने, सभाबाट अध्यक्ष छविलाल सुवेदीको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष पार्वती पोखरेलको आर्थिक प्रतिवेदन र सचिव प्रकाशचन्द्र घिमिरेको सांगठानिक प्रतिवेदन सर्वसम्मतले पारित भएको थियो।

संस्थाका अध्यक्ष बलराम घिमिरेले आगामी दिनमा समाजमा रहेका सदस्यहरुको वृद्धिविकासका लागि रचनात्मक काम गर्ने बताउनुभयो। उहाँले इशानेश्वरबाट पोखरा आइ बसेका कोही सदस्य बन्न छुटेको भए उनिहरुलाई सदस्य बनाउन प्रोत्साहन गर्ने काम अभियानको रुपमा संचालन गरिने र सम्पुर्ण सदस्यहरुको विवरण अध्यावधिक गर्ने बताउनुभयो।

# अहिले...

क्षेत्रको पुनः संरचना हाम्रो अभियान, राष्ट्रियता, समाजवाद र नागरिक अधिकारको पक्षमा चौथो राष्ट्रिय सम्मेलन भन्ने मुल नाराका साथ चितवनमा संचालन भएको उक्त अधिवेसनमा देशभरबाट करिब एक हजार जना पत्रकारको सहभागिता रहेको छ। कार्यक्रममा गण्डकी प्रदेशबाट ५४ प्रतिनिधि र २२ जना आयोजक टिम सहित ७६ जनाको सहभागिता रहेको सेन्टर गण्डकीका अध्यक्ष अर्जुन काफ्लेले बताउनु भयो। अधिवेसन आइतबारसम्म संचालन हुने भएको छ। संगठनका अग्रज ओम शर्माले ज्ञान र हिम्मत गरी संसार जित्न सक्ने दाबी गर्नु भयो। प्रतिगमन बिरुद्ध अझै पनि पत्रकारले निरन्तर कलम चलाउनु पर्ने उहाँले बताउनु भयो।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । - नेपोलियन

## सम्पादकीय

# राष्ट्रपतिको चासो

राष्ट्रपति विद्यादेवी भण्डारीले कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडा र मन्त्रालयका उच्च अधिकारीसँग छलफल गरेकी छन । कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन छिमेकी देश भारत लगायतका देशमा देखा परेको छ । नेपालमा भारतबाट आउने खतरा बढेपछि राष्ट्रपतिको चासो राखेकी छन।सरकारलाई राष्ट्रप्रमुखको हैसियतमा चासो हुनु स्वभाविक हो । राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित छलफलमा राष्ट्रपति भण्डारीले कोरोना भाइरसको नयाँ भेरिएन्ट 'ओमिक्रोन'बाट जोगिन विगतका हाम्रा अनुभवबाट पाठ सिकेर तत्काल सावधानी अपनाउन संबद्ध निकायको ध्यानाकर्षण गराएकी छन ।

नयाँ भेरिएन्ट ओमिक्रोनबाट नागरिकको जीवन रक्षा गर्न जनस्वास्थ्यका मापदण्ड पालना गर्नेबारे जनचेतनाका कामलाई निरन्तरता दिनुपर्ने राष्ट्रपतिको सुझाव छ । 'विस्तारै सामान्य अवस्थातिर फर्किन लागेको हाम्रो जनजीवन फेरि कोरोनाभाइरसको त्रासमा रहनुपर्ने अवस्था आउने हो कि भन्ने चिन्ता यसबाट बढेको छ', । 'जनताको जीवन रक्षा हाम्रो एकमात्र प्राथमिकता भएकाले नयाँ भेरिएन्टबाट जोगिन विगतका हाम्रा अनुभवबाट पाठ सिकेर तत्काल सावधानी अपनाउन आवश्यक रहेको छ ।'

राष्ट्रपति भण्डारीले पछिल्लो समय विश्वका विभिन्न मुलुकमा फेरि कोरोना भाइरसको नयाँ भेरिएन्ट 'ओमिक्रोन' देखापरेको र अघिल्ला भेरिएन्टको तुलनामा यसको संक्रमण दर पनि धेरै हुने भनिएको उल्लेख गर्दै नयाँ भेरिएन्टबाट बच्न दक्षिण अफ्रिका, नेदरल्याण्डसलगायत कतिपय मुलुकमा नयाँ सुरक्षा मापदण्ड घोषणा गरिएको सन्दर्भ उल्लेख गरेकी छन । कोरोना भाइरसको अर्को सम्भावित प्रकोपबाट बच्न जनतालाई खोप उपलब्ध गराउँदै पूर्वतयारीमा जोड दिन राष्ट्रप्रमुखको स्वास्थ्य तथा जनसंख्या मन्त्री र अधिकारीसंगको पहलकदमी लिन आग्रह हो । सबै नागरिकलाई कोभिड-१९ विरुद्धको खोप लगाउन आवश्यक रहेको छ एक चरण खोप लगाइसकेका नागरिकका लागि विशेषज्ञको राय लिएर 'बुस्टर डोज'समेत उपलब्ध गराउन राष्ट्रपतिको आग्रह छ । 'खोप लगाउने कार्यलाई निरन्तरता दिँदै हामीले फेरि एक पटक नयाँ तयारीमा जोड दिनुपर्ने समय आएको छ',। 'कोरोना भाइरसको पाछिल्लो अवस्थाका बारेमा अध्ययन गरी तीनै तहका सरकार, जनप्रतिनिधि र सामाजिक संस्थाको सक्रिय भूमिकाबाट मात्रै भाइरस विरुद्धको लडाइमा सफलता प्राप्त गर्न सकिन्छ ।'

राष्ट्रपति भण्डारीले कोभिड-१९ को प्रभावबाट उत्पन्न हुनसक्ने विषम परिस्थितिबाट मुलुक र जनतालाई सुरक्षित गर्न प्रदेश र स्थानीय तहअन्तर्गतका संरचनात्मक व्यवस्थालाई एकीकृत र जवाफदेहीरूपमा परिचालन गर्न आग्रह गर्नु स्वभाविक हो । 'अक्सिजन र अत्यावश्यकीय औषधिमा हुन सक्ने अभाव र कालाबजारी नियन्त्रण गर्न औषधि व्यवस्था विभाग र सुरक्षा टोली परिचालन गर्नुपर्दछँअक्सिजन उत्पादन प्लान्ट स्थापना गर्न छोटै समय लाग्ने र लगानी पनि त्यति ठूलो नपर्ने भएकाले देशभरी विगत एक वर्षमा धेरै अक्सिजन प्लान्ट थपिएका छन् ।

तीनको अवस्था निरन्तर अवलोकन गरी मर्मतसम्भार गरेर अक्सिजनको व्यवस्था गर्नुपर्दछ ।' पीसीआर परीक्षणलाई हरेक जिल्लासम्म पुऱ्याउन र अस्पतालमा बिरामीको हेरचारका लागि थप स्वास्थ्य जनशक्तिको अभावलाई पूर्ति गर्न सेवा निवृत्त स्वास्थ्यकर्मीका साथै प्यारामेडिक्स परिचालन गर्न पनि राष्ट्रपति भण्डारीले आग्रह गर्नुभयो । उहाँले कोरोना भाइरसको अघिल्लो दुई चरणको प्रहार झेल्ने क्रममा नागरिकको स्वास्थ्य, जीवन एवम् मुलुकको समग्र आर्थिक प्रणालीमा ठूलो क्षति पुगेको भन्दै यसक्रममा कोभिड-१९को महामारीसँग लड्न अग्रपङ्क्तिमा रहने डाक्टर, नर्स, सुरक्षाकर्मी तथा सफ़ाइकर्मीप्रति आभार व्यक्त गर्नु भएको छ । मन्त्री खतिवडाले एक हजार ६०० खोप केन्द्रमा प्रतिदिन दुई लाख दरले खोप लगाउन थालेको जानकारी दिएका छन । दुई करोड ६८ लाख मात्रा खोप लगाइसकेसमेतको राष्ट्रपति भण्डारीलाई जानकारी दिएपनि सरकारले तोकेको समय मा नआउने रोग हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : आर्थिक समस्या |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बड्ने | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# आठौँ तनहुँ महोत्सव पुस २९ देखि

**पोखरापत्र संवाददाता**
**दमौली, १८ मंसिर**

तनहुँ उद्योग वाणिज्य सङ्घको आयोजनामा आगामी पुस २९ गतेदेखि आठौँ तनहुँ महोत्सव हुने भएको छ । कोरोनाले दुई वर्षदेखि स्थगित भएको महोत्सव यस पटक हुन लागेको हो । व्यास नगरपालिका-३ स्थित विपी वनबाटिकामा माघ १० गतेसम्म महोत्सव सञ्चालन हुनेछ ।

सङ्घले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरी महोत्सवबारे जानकारी दिएको छ । आर्थिक, सामाजिक विकासका साथै स्थानीय उत्पादन, कृषि, धार्मिक, सांस्कृतिक, पर्यटकीयस्थल, उद्योग, व्यापार व्यवसायको सम्भाव्यता अध्ययन गरी प्रवर्द्धन गर्ने उद्देश्यसहित महोत्सव गर्न लागिएको सङ्घका अध्यक्ष पविन्द्रकुमार श्रेष्ठले बताउनुभयो ।

पाँच लाख दर्शकले अवलोकन गर्ने लक्ष्य राखिएको महोत्सवमा करिब रु छ करोड बराबरको आर्थिक कारोबार हुने अनुमान छ । महोत्सवमा कूल आम्दानी रु ८० लाख र नाफा रु १५ लाख ३५ हजार हुने अनुमान छ । महोत्सवमा मादीसेती नदीमा जलविहारको व्यवस्था मिलाइने भएको छ । सेती र मादीको सङ्गमस्थल दमौलीमा जलविहारको प्रचुर सम्भावना भए पनि जलविहारले व्यापकता पाउन नसकेको भन्दै महोत्सव अवधिभर यो सञ्चालन गरिने अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो ।

ग्रामीण पर्यटनको प्रचुर सम्भावना रहेको जिल्लाका ऐतिहासिक र सांस्कृतिक रुपले सम्पन्न ग्रामीण बस्तीको प्रवर्द्धनका लागि दर्शकलाई सांस्कृतिक नमूना ग्राम भ्रमण गराउने योजना छ । महोत्सव अवलोकनका लागि दर्शकलाई मानुङ्कोट, कुमालटारी, बोटेगाउँ, दरैगाउँलगायतका गाउँ भ्रमणको व्यवस्था मिलाइएको छ ।

# बसले ट्र्याक्टरलाई ठक्कर दिँदा एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**पर्वत, १८ मंसिर**

पर्वतको कुश्मा नगरपालिका-८ चुवाको पराधिमा शनिबार बिहान बसले ट्र्याक्टरलाई ठक्कर दिँदा एक जनाको घटनास्थलमै मृत्यु भएको छ ।

पोखराबाट पर्वततर्फ आउँदै गरेको ग१ज ००९८ नम्बरको बसले सोही दिशाबाट आउँदै गरेको को२त ६४२७ नम्वरको ट्र्याक्टरलाई ठक्कर दिँदा उदयपुरको चौवन्दी गाउँपालिकाका १८ वर्षीय विशाल लामिछानेको घटनास्थलमै मृत्यु भएको हो । ट्र्याक्टरमा मध्यपहाडी लोकमार्गका मजदुर सवार थिए । उनीहरूमध्ये पाँच जना गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी निरीक्षक राजेन्द्र अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार १४ जना सामान्य घाइते भएका छन् ।

घाइतेलाई उपचारका लागि जिल्ला अस्पताल पर्वत र गम्भीर घाइतेलाई पोखरा पठाइएको छ । बस र चालक प्रहरीको नियन्त्रणमा रहेका छन् । घटनाको थप अनुसन्धान भइरहेको छ ।

# गाउँपालिकाले इन्जिनियर पढाउने

**पोखरापत्र संवाददाता**
**तनहुँ, १८ मंसिर**

बन्दीपुर गाउँपालिका कार्यालयले दुई जनालाई इन्जिनियर पढाउने भएको छ । गाउँपालिकाले आफ्नै लगानीमा इन्जिनियर पढाउनको लागि रु आठ लाख बजेट विनियोजन गरेको छ ।

गाउँपालिकाले त्यसको लागि कार्यविधि बनाउने अन्तिम चरणमा पुगेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले जानकारी दिनुभयो । कार्यपालिकाले छात्रवृत्तिसम्बन्धी कार्यविधि बनाएर खुला सूचना प्रकाशित गर्नेछ । विपन्न लक्षित कार्यक्रम भएकाले सरकारी स्कूलमा अध्ययन गरेका गरिब, दलित, आदिवासी जनजाति समुदायकालाई प्राथमिकता दिइने योजना रहेको छ ।

गाउँपालिका क्षेत्रमा प्राविधिक क्षेत्रमा लाग्ने जनशक्ति कम देखिएकाले प्राविधिक जनशक्ति प्रवर्द्धन गर्नुपर्छ भन्ने हेतुले गाउँपालिकाले सुरुआत गर्न लागेको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बताउनुभयो । सरकारी कलेजमा पढ्न पुग्ने गरी बजेट विनियोजन गरिएको गाउँपालिका कार्यालयले जनाएको छ । गाउँपालिकाको लगानीमा इन्जिनियर बनेपछि गाउँपालिकामा बसेर सेवा पनि गर्लान् भन्ने सोच पनि गाउँपालिकाको रहेको छ ।

# ऋषिङ अध्यक्ष कप भलिबल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
**तनहुँ, १८ मंसिर**

तनहुँको ऋषिङ गाउँपालिकाको आयोजनामा आजदेखि दोस्रो ऋषिङ अध्यक्ष कप भलिबल प्रतियोगिता सुरु भएको छ। झापुटारमा सुरु भएको सो प्रतियोगिताको उद्घाटन खेलमा आयोजक ऋषिङ गाउँपालिका 'बि' विजयी भएको छ।

ऋषिङ 'बि'ले म्याग्दे गाउँपालिकालाई ३-० ले पराजित गरेको हो । ऋषिङ गाउँपालिकाका प्रवक्ता विजय दरैका अनुसार उक्त प्रतियोगितामा तनहुँको व्यास नगरपालिका, भिमाद र शुक्लागण्डकी नगरपालिका, म्याग्दे, आँबुखैरेनी र घिरिङ गाउँपालिका, स्याङ्जाको बिरुवा गाउँपालिका, पुतलीबजार नगरपालिका र अर्जुनचौपारी गाउँपालिका, कास्कीको मादी गाउँपालिका र रुपाकोट गाउँपालिका, बाग्लुङको गलकोट नगरपालिका तथा नवलपुरको बौदीकाली गाउँपालिका सहभागी छन् । आइतबार चार खेल सञ्चालन हुने दरैले बताउनुभयो ।

विकाससँगै खेलकुदका गतिविधिलाई अगाडी बढाउने उद्देश्यले आयोजना गरिएको प्रतियोगिता मङ्सिर २२ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीयलाई क्रमशः रु एक लाख ४० हजार, रु एक लाख र रु ६० हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । उत्कृष्ट खेलाडीलाई पनि नगद पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

# भुमेपुज्ने कृषि सहकारीको ७ औं साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ मंसिर**



पोखरा १९ मा अवस्थित भुमेपुज्ने कृषि सहकारी सस्थाले ७ औ साधरण सभा शनिबार सम्पन्न गरेको छ

सस्थाले स्थापना कालदेखिनै जेष्ठ नागरिकलाई सम्मान गरेको बताउदै सस्थाका अध्यक्ष कल्पना सुनारले यस वर्षपनि गोमा पौडेललाई दोसल्लला ओडाएर र नगदले सम्मान गर्दै खेलकुद विकासका लागि युवाहरुलाई भलिवल, फुटबल , नेट, पम्प वितरण गर्नुभयो ।

असल बचतकर्ता सविता सुनार र असल ऋृणि मैना सुनारलाई प्रशंसापत्र र नगदले सम्मान गर्दे विशेष अतिथि जनउत्थान ऋृण तथा बचत सहकारी सस्थाका अध्यक्ष रमेश विश्वकर्माले नारी अध्यक्ष भएको सस्था सधै सफल हन्छ भन्ने उदाहरण यस सस्थाले दिएकोमा खुशी व्यक्त गर्नुभयो ।

कार्यक्रम संचालक सचिव मन बहादुरले सुनारले यस बर्ष कृषिमा लगानी गरि दुई लाख मुनाफ भएकोले शेयर सदस्यलाई १२ प्रतिशत बोनस बाढिएको बताउनु भयो । सस्थामा ४१ जना महिला ३४ जना पुरुष र दुई सस्था गरि ७५ जना शेयर सदस्य रहेको बताउदै कोषाध्यक्ष मोहन बहादुर सुनारले सस्थाको पुजी एककरोड आगामी बर्ष पुर्याउने लक्ष्य रहेको आफ्नो प्रतिवेदनमा समेट्नु भयो ।

सतप्रतिशत उपस्थितिमा महिलाको उलेख्य उपस्थितिले महिला जागरणमा यस्ता सस्थाको अहम भुमिका छ भन्ने कुराको प्रमाणित गराउछ ।

# वालिङमा व्यावसायिक छुर्पी उत्पादन

**पोखरापत्र संवाददाता**
**वालिङ, १८ मंसिर**

स्याङ्जाको वालिङस्थित अकला साना किसान कृषि सहकारी संस्थाले व्यावसायिक रुपमा छुर्पी उत्पादन गर्न थालेको छ ।

स्थानीयस्तरमा उत्पादित दूधलाई बजारीकरणमा सहयोग पुऱ्याउनुका साथै किसानलाई दूध उत्पादन व्यवसायमा थप उत्साह बढाउने उद्देश्यसहित व्यावसायिक रुपमा छुर्पी उत्पादन थालिएको संस्थाका अध्यक्ष पुण्यप्रसाद अर्यालले बताउनुभयो ।

स्थानीय किसानले उत्पादन गरेको दूधबाट दूध, दही, घ्यू, पनीर, खुवालगायत दूध परिकार बनाएर विक्री गर्दै आएको सहकारीले गतवर्षदेखि वालिङमै व्यावसायिक रुपमा छुर्पी उत्पादन थालेको उहाँको भनाइ थियो। "सहकारीमार्फत स्थानीय किसानलाई बिना ब्याजमा कर्जा प्रवाह गऱ्यौं, उहाँहरु दूध उत्पादनतर्फ उत्साहित भएर लाग्नुभयो", अध्यक्ष अर्यालले भन्नुभयो, "दूध उत्पादन भएपछि बजारीकरणमा समस्या आउन नदिनका लागि दूधबाट बन्ने परिकारहरु बनाउन थालेका हौं ।"

किसानले उत्पादन गरेको दूध बाहिर बजारमा पनि बिक्री गर्ने र बाँकी रहेको दूध सहकारीमा ल्याएर छोड्ने गरेका छन् । "किसानले दूध उत्पादन गर्न थाले तर उत्पादित दूधको बजारीकरणका केही उपाय अपनाउन पऱ्यो भनेर छुर्पी बनाउने विधि सिक्न हेटौँडा पुगेँ", उहाँले बताउनुभयो, "छुर्पी बनाउनका लागि आवश्यक उपकरण खरिद गऱ्यौँ र त्यहाँ सिकेर आएको सीप कर्मचारीलाई सिकाएर अहिले नियमितरुपमा छुर्पी उत्पादन गरिरहेका छौँ ।"

करिब ७५ प्रतिशत तयारी अवस्थामा यहाँ उत्पादन भएको छुर्पीलाई वातावरण अनुकूल बनाउन काठमाडौँ पठाउने र त्यहाँबाट 'फाइनल प्रोसेसिङ' पश्चात् अमेरिका निर्यात गरिदै आएको छ। सहकारीले अहिले दैनिक चारदेखि ५०० लिटर दूधबाट औसतमा दैनिक ५० केजी छुर्पी उत्पादन गर्दै आएको छ । यो उत्पादनलाई वार्षिक २० हजार केजी पुऱ्याउने लक्ष्य छ । "यहाँ उत्पादन भएको छुर्पी अमेरिकामा सहजरुपमा खपत हुने गरेको छ", अध्यक्ष अर्यालले भन्नुभयो, "काम गर्न सकेमा भविष्यमा यसको संभावना र बजार राम्रो रहेको छ ।" वालिङ १ त्रियाशीलमा व्यावसायिकरुपमा भैंसीपालन गर्दै आउनुभएकी सीता अर्यालले पनि सहकारीमा दूध बिक्री गर्नुहुन्छ। बाहिर बजारमा बिक्री भएसम्म बिक्री गर्ने र बाँकी रहेको दूध सहकारीमा बिक्री गर्दै आउनुभएको छ ।

"बाहिर बजारमा पनि हाम्रो फार्ममा उत्पादन भएको दूध लगिन्छ", व्यवसायी सीताले भन्नुभयो, "बजारमा विक्री भएर बाँकी रहेको दूध सहकारीमा पठाउने गरेकी छु, यसले उत्पादन भएको दूध नबिकेर खेर जान्छ कि भन्ने चिन्ता छैन ।" बाहिर बजारमा प्रतिलिटर रु ९० र सहकारीमा प्रतिलिटर रु ७० देखि ७५ पर्ने गरेको उहाँले बताउनुभयो । भैंसीको भन्दा गाईको दूधबाट बनाएको छुर्पी राम्रो हुने गरेको छ ।

# मोटरेबल पुल जीर्ण बन्दा जोखिमपूर्ण यात्रा

**पोखरापत्र संवाददाता**
**पर्वत, १८ मंसिर**

निर्माण भएको १३ वर्षसम्म पनि मर्मत नहुँदा यहाँको एक मोटरेबल पुल जीर्ण बन्दै गएको छ ।

समय समयमा मर्मत नहुँदा पर्वत जिल्लाको मध्य तथा दक्षिण भाग जोड्ने एकमात्र पुलको अवस्था जीर्ण बन्दै गएको हो । सदरमुकाम कुस्माबजारसँग दक्षिण पर्वतका पाँच स्थानीय तह जोड्ने एकमात्र दोबिल्ला फलेवास-सडकको कुश्मा नगरपालिका-८ दोबिल्लास्थित मोदीखोला माथि रहेको मोटरेबल पुल जीर्ण बनेको छ । समय समयमा मर्मत नहुँदा सवारी साधन र यात्रुसमेत जोखिम मोलेरै वारपार गर्न बाध्य भएका छन् ।

पुलको अधिकांश ठाउँमा नट बोल्टु खुस्किएको, पुलमा रहेका पाता उप्किएका तथा ठाउँ ठाउँमा खिया लागेको, पुलको दुवै छेउमा माटो जमेको भए पनि कुनै निकायले मर्मतमा ध्यान नदिँदा सवारी साधन र यात्रु जोखिममा परेका छन् । पुलका पातानै उप्किएर खाल्डा परेका छन् । गत चैतमा कुश्मा नगरपालिकाको पहलमा पूर्वाधार विकास कार्यालयले सामान्य मर्मत गरेको भए पनि फेरि वर्षायामको बाढीले झनै जोखिम बनाएको छ ।

तत्कालीन जिल्ला विकास समितिले हेरालो राखेर नियमितरुपमा रेखदेख तथा सफा गर्ने गरेको भए पनि अहिले यसतर्फ ध्यान नदिँदा झनै जीर्ण बन्दै गएको सवारी चालकको गुनासो रहेको छ । पुलको नियमितरुपमा रेखदेख नहुँदा ओभर लोड भएका गाडी, डोजर, लोडरलगायतका हेबी इक्युमेन्टसमेत पुलबाटै वारपार गर्ने गर्दा पुलका पातामा प्वाल पर्ने समस्या देखिएको स्थानीय चित्रसागर श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "पुलमा जुनसुकै बेला पनि ठूलो दुर्घटना निम्तिने खतरा बढेको छ ।"

पुलबाट पाँच स्थानीय तहका ४५ भन्दा बढी वडामा सवारी साधन आवातजावत आउने गर्दछन् । दैनिक सयौँको सङ्ख्यामा सवारी साधन चल्ने उक्त पुल १५ टन भारवहन क्षमताको भएको भए पनि ओभरलोड गरी लैजाँदासमेत कुनै निकायले कारबाही नगरेको स्थानीय राम शर्मा पौडेलले बताउनुभयो । ठूला ठूला डोजर लोडरजस्ता उपकरण यहीँबाट तार्ने गरेकोसमेत पौडेलको भनाइ छ ।

जिल्ला समन्वय समिति पर्वतले पुल मर्मतका लागि कुनै कोष नभएकाले रेखदेख भए पनि जीर्ण बन्दासमेत मर्मतको काम गर्न नसकिएको बताएको छ । पूर्वाधार विकास कार्यालय पर्वतले पुलमा पाता मिलाउनेबाहेक अन्य मर्मतको योजना नरहेको बताएको छ । टुक्रिएका, छुट्टिएका फलामका पाता गत चैतमा वेल्डिङ गरेर जोड्ने गरिएको र यस वर्ष मर्मतका लागि अरु योजना नरहेको कार्यालय प्रमुख कृष्ण आचार्यले बताउनुभयो ।

पुल मर्मतका लागि स्टिमेट तयार गरेर मन्त्रालयमा माग गरिएको र रकम निकासा भएमा पूर्णरुपमा मर्मत गर्न सकिने उहाँको भनाइ रहेको छ । नेपाल सरकार स्थानीय विकास मन्त्रालयले नेपालमै नमूना पुलको रुपमा सो पुल निर्माण गरेको थियो ।

